नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय,पर्सा

प्रमुख जिल्ला अधिकारी श्री तोय नारायण सुवेदीले गरेको फैसला

**मुद्दा-: अभद्र व्यवहार ।**

**मि.नं.-३२९ दायर मिति:-२०८२/०१/०५**

**वादी** **फैसला मिति:-२०८२/०६/२३** **प्रतिवादी**

| वादी | प्रतिवादी |
|---|---|
| **सविना राउत भन्ने होमकुमारी कार्कीको जाहेरीले नेपाल सरकार.........................१** | **जिल्ला रौतहट चन्द्रनिगाहपुर न.पा.वडा नं.८ घरभई जिल्ला पर्सा सखुवाप्रसौनी गा.पा.वडा नं.२ बस्ने स्व.डिहु सहनीको छोरा बर्ष ३४ को धन्देसर सहनी समेत ५ जना ..........१** |

प्रस्तुत मुद्दा यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने भई यस मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

**<u>तथ्य-खण्ड</u>**

१. प्रतिवादीहरुले जाहेरवाली समेतलाई गाली गलौज गर्दै कुटपिट समेत गरी घाईते बनाई अभद्र व्यवहार गरेको भन्ने जाहेरी दरखास्त ।
२. प्रतिवादीहरुले जाहेरवाली समेतलाई गाली गलौज गर्दै कुटपिट समेत गरी घाईते बनाई अभद्र व्यवहार गरेको भन्ने समेत व्यहोराको घटनास्थल मुचुल्का ।
३. हामी दुवै पक्ष बिच वादविवाद हुँदै हातपात समेत भएको हो भन्ने व्यहोराको प्रतिवादीहरुको बयान कागज।
४. जाहेरवाली समेतलाई गाली गलौज गर्दै कुटपिट समेत गरी घाईते बनाई अभद्र व्यवहार गरेकोले प्रतिवादीहरुलाई कानून बमोजिम कारवाही हुनु पर्छ भनि मौकामा बुझिएका लक्ष्मी माया राउत समेतको घटनाविवरण कागज।
५. जिल्ला सरकारी वकिल कार्यालय, पर्साको अभियोग पत्र ।
६. प्रतिवादीहरु यस कार्यालयमा उपस्थित भई गरेको बयान ।
७. वकपत्रका लागि उपस्थित गराउन जिल्ला प्रहरी कार्यालय पर्सालाई लेखिएको यस कार्यालयको पत्र।
८. घटना विवरण कागज गर्ने लक्ष्मी माया राउत, रुकसाना खातुन र रेखा देवी समेतले यस कार्यालयमा गरेको बकपत्र ।
९. जि.स.व.का.पर्सालाई पेशीको जानकारी भनी लेखिएको यस कार्यालयको पत्र।

**<u>ठहर-खण्ड</u>**

यसमा हामीले कसैलाई गालि गलौज तथा हातपात गरेको छैन । हामी माथि माथि झुटो आरोप लगाईएको हो भनि यस कार्यालयमा प्रतिवादीहरु धन्देसर सहनी, लछुमन सहनी, रुपेश भन्ने नरेश बैठा र भरोसा चौधरीले एकै मिलानको इन्कारी बयान गरेतापनि, मिति २०८१।१२।११ गते अ.१४:३० बजेको समयमा जिल्ला पर्सा सखुवाप्रसौनी गाउँपालिका वडा नं.२ स्थित बिपक्षीहरु रुपेश बैठा, लक्ष्मण सहनी, कृष्ण सहनी, धनदेश्वर सहनी समेतले बिभिन्न अश्लिलशव्द प्रयोग गर्दै गाली गलौज गरी कपाल समाती तान्दै सार्वजनिक सडकमा लगी लातमुक्का समेतले कुटिपट गरिरहेको सासुआमा लक्ष्मीमाया राउत, छिमेकी ध्रुवबहादुर खड्का, नरसिंह बहादुर खड्का, कमला खड्का र सुनिया खड्का समेतलेदेखि छुटयाउन आउँदा बिपक्षीहरु एकजुट भई म तथा निजहरुलाई समेत गाली गलौज गर्दै कुटपिट गरी घाईते बनाएको हुँदा निजहरुलाई पक्राउ गरी कानुन बमोजिम कारवाही गरी क्षतिपुर्ती समेत दिलाई पाउँ भन्ने समेत व्यहोराको सविना राउत भन्ने होम कुमारी कार्कीको जाहेरी दरखास्त तथा घटनास्थल मुचुल्का, सोही व्यहोरालाई पुर्ण समर्थन हुने गरी मौकामा बुझिएका घटनाविवरणको साक्षीहरुले गरी दिएको कागज तथा अधिकार प्राप्त अधिकारी समक्ष यी प्रतिवादीहरुले गरेको बयान तथा घटना विवरण कागज गर्ने लक्ष्मी माया राउत, रुकसाना खातुन र रेखा देवी समेतले यस कार्यालयमा गरेको बकपत्र समेतको आधारमा यी प्रतिवादीहरु धन्देसर सहनी, लछुमन सहनी, रुपेश भन्ने नरेश बैठा र भरोसा चौधरी र थमाउने म्यद समेत गुजारी बसेका प्रतिवादी कृष्ण सहनी समेतले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिम कसूर गरेको ठहर्छ। यसरी प्रतिवादीहरुले बिभिन्न अश्लिलशव्द प्रयोग गर्दै गाली गलौज गरी कपाल समाती तान्दै सार्वजनिक सडकमा लगी लातमुक्का समेतले कुटिपट जाहेरवाली समेतलाई अभद्र व्यवहार गरेको तथ्य स्थापित हुन गएको देखिएको अवस्था समेतलाई बिश्लेषण गरी मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(२) बमोजिम प्रतिवादीहरु धन्देसर सहनी, लछुमन सहनी, रुपेश भन्ने नरेश बैठा र भरोसा चौधरी लाई कैद दिन ९ र जनही जरिवाना रु.५०००/- अक्षरेपी पाँच हजार मात्र र अर्को

प्रतिवादी कृष्ण सहनीलाई जरिवाना रु.५०००/- अक्षरेपी पाँच हजार मात्र हुने ठहर्छ । साथै ऐ.ऐ.संहिताको दफा १२७ को हकमा घाईतेहरुको उपचारमा रु.३५१८३/-, एम्बुलेन्स खर्च रु.६०००/- र कुरुवा खाना लगायत अन्य फुटकर खर्च रु.२५०००/- गरी जम्मा उपचार खर्च क्षतिपूर्ति मागदवी रु.६६१८३/- रहेको संलग्न निवेदनबाट देखिन आएको हुँदा औचित्यता र न्याय समेतको आधारमा घाईतेहरुलाई उपचार खर्च/क्षतिपूर्ति रु.५५०००/- पच्पन्न हजार मात्र (जनही रु.११०००/-) प्रतिवादीहरुबाट भरी भराई दिने समेत ठहर्छ । सो ठहर्नाले अरुमा तपसिल बमोजिम गर्नु भनी यो फैसला गरिदिए।

<u>तपसिल खण्ड</u>

१. माथि इन्साफ खण्डमा लेखिए बमोजिम मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिमको अपराधमा ऐ.संहिताको दफा ११८(२) बमोजीम प्रतिवादीहरु धन्देसर सहनी, लछुमन सहनी, रुपेश भन्ने नरेश बैठा र भरोसा चौधरीलाई ठहरेको कैद दिन ९ निजहरु मिति २०८१/१२/२७ देखि २०८२/०१/०४ हिरासतमा बसी कैद भुक्तान गरिसकेको र जरिवानाको हकमा निजहरुले क्रमशः र.नं.२९७, २९८, २९९ र ३००/२०८१/०१/०७ बाट दाखिला गरेको जनही धरौटी रकम रु.५०००/- बाट जनही जरिवाना रु.५०००/- कट्टी गरी मिनाहा गर्नु र अर्का प्रतिवादी कृष्ण सहनीलाई ठहरेको जरिवाना रु.५०००/- असुल उपर गर्न र ऐ.ऐ.संहिताको दफा १२७ बमोजिम घाईतेहरुलाई भरी भराई दिने रकम भरी भराउन जिल्ला प्रहरी कार्यालय, पर्सालाई पत्र लेख्नु-----१

२. प्रस्तुत फैसलामा चित नबुझे ७० दिन भित्र पर्सा जिल्ला अदालत वीरगंजमा पुरावेदन गर्नुभनी उपस्थित प्रतिवादीहरुलाई पुनरावेदनको म्याददिनु-----------------------------------------------------------------------------------------------------१

३. फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय पर्सालाई दिनु----------------------------------------------------------१

४. प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गर्नु र सरोकारवालाले फैसलाको नक्कल माँग गरेमा रितपुर्वक नक्कल दिनु-----------------------१

**तोय नारायण सुवेदी**
**प्रमुख जिल्ला अधिकारी**

ईति सम्बत् २०८२ असोज महिना २३ गते विहीवार रोज ५/ ने.सं. ११४५ कौलागा तृतिया, शुभम् ........